असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

## NMC-COOP

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश**

## आन्तरिक प्रतिस्पर्धा र फाइल बढुवाको विज्ञापन सम्बन्धी सूचना !

प्रथमपटक प्रकाशित मिति : २०८०/१/१३

सञ्चालक समितिको मिति २०८० बैशाख १० गते सम्पन्न ४९ औं बैठकबाट प्राप्त जिम्मेवारीका आधारमा एनएमसी सेवा आयोगको मिति २०८० बैशाख १२ गते सम्पन्न अठारौं बैठकले आ.व.२०७९।०८० का लागि स्वीकृत कर्मचारी दरबन्दी अन्तर्गत रही कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) एवम् एनएमसी सेवा आयोग सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) बमोजिम आन्तरिक प्रतिस्पर्धा तथा फाइल बढुवाद्वारा तपसिलमा उल्लिखित पदहरुमा पदपूर्ति गर्ने निर्णय भएकोले कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा ८.२१ र ८.२२ बमोजिम बाञ्छनीय योग्यता पूरा गरेका इच्छुक कर्मचारीहरुबाट दरखास्त आह्वान गरिएको सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.स. | कार्यालय/व्यवसाय | विज्ञापन नं. | पद | संख्या | |
|---|---|---|---|---|---|
| | | | | आन्तरिक प्रतिष्पर्धा | फाइल बढुवा |
| १ | कर्पोरेट/सम्पूर्ण व्यवसाय | ६२-२०७९/०८० | बरिष्ठ अधिकृत | - | १ |
| २ | कर्पोरेट/सम्पूर्ण व्यवसाय | ६३-२०७९/०८० | अधिकृत | २ | १ |
| ३ | कर्पोरेट/सम्पूर्ण व्यवसाय | ६४-२०७९/०८० | अधिकृत (प्राविधिक) | - | ३ |
| ४ | कर्पोरेट/सम्पूर्ण व्यवसाय | ६५-२०७९/०८० | सहायक अधिकृत | १ | १ |
| ५ | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ६६-२०७९/०८० | बरिष्ठ सहायक प्रथम | ४ | १ |
| ६ | सहकारी पसल व्यवसाय | ६७-२०७९/०८० | बरिष्ठ सहायक प्रथम | १ | ० |
| ७ | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ६८-२०७९/०८० | बरिष्ठ सहायक दोस्रो | ५ | १ |
| ८ | एकीकृत नमुना कृषि फार्म | ६९-२०७९/०८० | बरिष्ठ सहायक दोस्रो (प्राविधिक) | - | १ |
| ९ | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ७०-२०७९/०८० | बरिष्ठ सहायक तेस्रो | १ | ० |
| १० | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ७१-२०७९/०८० | कार्यालय सहायक प्रथम | ३ | १ |
| ११ | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ७२-२०७९/०८० | कार्यालय सहायक दोस्रो | ४ | १ |
| १२ | कर्पोरेट/बचत तथा ऋण व्यवसाय | ७३-२०७९/०८० | कार्यालय सहायक दोस्रो (प्राविधिक) | - | १ |
| १३ | एकीकृत नमुना कृषि फार्म | ७४-२०७९/०८० | कार्यालय सहायक दोस्रो | - | १ |
| १४ | सहकारी पसल | ७५-२०७९/०८० | कार्यालय सहायक दोस्रो | १ | - |
| १५ | सहकारी पसल | ७६-२०७९/०८० | कार्यालय सहायक दोस्रो (प्राविधिक) | - | १ |
| १६ | एकीकृत नमुना कृषि फार्म | ७७-२०७९/०८० | कार्यालय सहायक तेस्रो (प्राविधिक) | १ | - |
| १७ | सहकारी पसल | ७८-२०७९/०८० | कार्यालय सहायक तेस्रो | २ | - |
| | | | जम्मा (३९) | २५ | १४ |

१. **आवेदन दर्ता सम्बन्धी व्यवस्था :**

- आवेदकले एनएमसी सेवा आयोग सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को अनुसूची ४ बमोजिम दरखास्त फारम भर्नु पर्नेछ ।
- माथि उल्लिखित अनुसूची भरी आवेदकले दरखास्त फारम र आवेदन दस्तुर बुझाएको भौचर (डिजिटल पेमेन्टको हकमा पेमेन्टको प्रमाण) कर्पोरेट मानव संसाधन विभागको आधिकारिक इमेल ठेगाना hrdepartmentnmc@gmail.com मा प्रेषित गर्नु पर्नेछ ।
- दरखास्त निवेदन दिने अन्तिम मिति : २०८० बैशाख १९ गते मंगलबार कार्यालय समयसम्म ।

२. **आवेदन दस्तुर (आन्तरिक प्रतिष्पर्धा तथा फाइल बढुवा) :**

- व्यवस्थापकीय/अधिकृत श्रेणी : रु. ५००।-
- वरिष्ठ सहायक श्रेणी : रु. ४००।-
- कार्यालय सहायक श्रेणी : रु. ३००।-

३. **परीक्षा कार्यक्रम :**

- लिखित परीक्षा : मिति २०८० बैशाख २३ गते शनिबार
- समय : बिहान ११ बजेदेखि
- स्थान : त्रिदेव बहुमुखी क्याम्पस, चारआली

४. **लिखित परीक्षाको पाठ्यक्रम र अंकभार :** (प्रशासनिक र प्राविधिक दुवै समूहका लागि)

(व्यवस्थापकीय, अधिकृत श्रेणी, वरिष्ठ सहायक श्रेणी र कार्यालय सहायक श्रेणी)

| क्र.सं. | पाठ्यक्रम | वस्तुगत | विषयगत |
|---|---|---|---|
| १. | संस्थाका कार्यविधिहरु | १० | - |
| २. | परिपत्र/एनएमसी विशेष | ५ | - |
| ३. | सहकारी ऐन, नियमावली (संघीय तथा कोसी प्रदेश) | २ | - |
| ४. | समसामयिक सामान्य ज्ञान (राष्ट्रिय/अन्तर्राष्ट्रिय) | ३ | - |
| ५. | व्यवसायगत उत्पादन विविधिकरण | - | १० |
| ६. | सामाजिक उत्तरदायित्व | - | ५ |
| ७. | मानव संसाधन व्यवस्थापन | - | ५ |
| | जम्मा | २० | २० |

५. **लिखित परीक्षाका लागि सन्दर्भ सामग्री :**

- एनएमसी सहकारी तथा सामान्य ज्ञानमाला ३
- सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५
- प्रदेश सहकारी ऐन २०७५ (कोशी प्रदेश) र प्रदेश सहकारी नियमावली २०७६ (कोशी प्रदेश)
- संस्थाको विनियम २०५० (पुनर्लेखन २०७७)
- संस्थाको कर्पोरेट कार्यालय तथा व्यवसायगत विद्यमान आन्तरिक कार्यविधिहरु
- आर्थिक वर्ष २०७९।०८० मा मिति २०८० बैशाख १२ गतेसम्म जारी कर्पोरेट तथा व्यवसायगत परिपत्रहरु

६. **परियोजना कार्य (अधिकृत श्रेणीका लागि मात्र) :**

- परियोजना कार्यका विषय :

| श्रेणी | विषय |
|---|---|
| अधिकृत | संस्था अन्तर्गत सञ्चालित सहकारी पसलको वर्तमान अवस्था, भावी सम्भावना र चुनौति |
| सहायक अधिकृत | संस्था अन्तर्गत सञ्चालित निक्षेप योजना र सोको मूल्याङ्कन |

- परियोजना कार्य पेस गर्ने मिति : २०८० जेठ २ गते मंगलबार कार्यालय समयसम्म ।
- परियोजना कार्यको प्रस्तुतिकरण (भाइवा) : मिति २०८० जेठ ५ गते शुक्रबार बिहान ११ बजेदेखि ।
- परियोजना तयार गर्दा अनिवार्य कम्प्युटरमा टाइप गरिएको हुनु पर्नेछ । यस लागि ३००० शब्द नघटाई परियोजना कार्य तयार गर्नु पर्नेछ ।
- परियोजनाका लागि आवश्यक पर्ने चित्रहरु (Diagram) समावेश गर्न सकिनेछ ।
- परियोजनासँग सम्बन्धित सन्दर्भ सामग्री अनिवार्य उल्लेख गर्नु पर्नेछ ।
- फन्टको हकमा नेपालीमा (प्रिती र साङ्ग्रिला फन्ट), अंग्रेजीमा (टाइम्स न्यु रोमन) र फन्ट साइज १६ इन्चको हुनु पर्नेछ ।
- परियोजना कार्यको सफ्टकपी परीक्षार्थीले भाइवा प्रस्तुतिकरण गर्दा अनिवार्य रुपमा लिएर आउनु पर्नेछ ।

७. **आन्तरिक प्रतिस्पर्धा तथा फाइल बढुवाको आवेदनका लागि श्रेणीगत आधार :**

- व्यवस्थापकीय र अधिकृत श्रेणीलाई आ.प्र. तथा फाइल बढुवा दुवै प्रयोजनका लागि कर्पोरेट तथा सम्पूर्ण व्यवसायलाई एक एकाइ कायम गरिनेछ ।
- बरिष्ठ सहायक र कार्यालय सहायक श्रेणीमा आ.प्र. तथा फाइल बढुवा दुवै प्रयोजनमा (कर्पोरेट तथा बचत तथा ऋण व्यवसायबाहेक) व्यवसायगत आधारमा छुट्टाछुट्टै एकाइ कायम गरिनेछ ।

NMC COOP

८. आन्तरिक प्रतिस्पर्धाका लागि संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा ८.२१ को उपबुँदा ८.२१.३, ८.२१.४, ८.२१.६ देखि ८.२१.१४ मा भएको व्यवस्था बमोजिम प्रक्रिया पूरा गरेका कर्मचारीले मात्र आवेदन दिन सक्नेछन् ।

९. फाइल बढुवाका लागि संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा ८.२२ मा भएको व्यवस्था बमोजिम प्रक्रिया पूरा गरेका कर्मचारीले मात्र आवेदन दिन सक्नेछन् ।

१०. **हाल कार्यरत पदको सेवा अवधि गणनाका आधार :**

- आन्तरिक प्रतिष्पर्धामा कर्मचारीको हाल कार्यरत पदमा रहँदाको सेवा अवधि गणनाका लागि कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा ८.२१ को उपबुँदा (८.२१.८ देखि ८.२१.११ सम्म) प्रयोजनका लागि आवेदन दिने अन्तिम मिति २०८० बैशाख १९ गतेलाई आधार मानिनेछ ।
- फाइल बढुवाका लागि कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा ८.२२.१ प्रयोजनका लागि आवेदन दिने अन्तिम मिति २०८० बैशाख १९ गतेलाई आधार मानिनेछ ।

११. **प्राविधिक तर्फका कर्मचारीले प्रशासन तर्फ आवेदन दिन पाउने व्यवस्था :**

प्राविधिक तर्फका कर्मचारीले प्रशासन तर्फको योग्यता पुगेको श्रेणी वा पदमा आन्तरिक प्रतिस्पर्धा वा फाइल बढुवाका लागि आवेदन गर्न सक्नेछन् । यसरी छनोट भएका कर्मचारी प्रतिस्पर्धा गरेको पदमा उत्तीर्ण भएमा प्रशासन समूह अन्तर्गत रहनेछन् ।

१२. आन्तरिक प्रतिस्पर्धा अन्तर्गत प्राविधिक र प्रशासन दुवै समूहका लागि छनोटका आधार, पाठ्यक्रम र अंकभार सम्बन्धी व्यवस्था सेवा आयोग सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा नं.१७ र १८ बमोजिम हुनेछ ।

१३. फाइल बढुवा अन्तर्गत प्राविधिक र प्रशासन दुवै समूहका लागि छनोटका आधार र अंकभार सम्बन्धी व्यवस्था सेवा आयोग सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) को बुँदा नं. १९ बमोजिम हुनेछ ।

१४. कर्मचारीले आन्तरिक प्रतिस्पर्धा र फाइल बढुवामध्ये कुनै एक विधाका लागि कुनै एक पदमा मात्र दरखास्त दिन सक्नेछन् ।

१५. कर्मचारीले आन्तरिक प्रतिस्पर्धा अन्तर्गत कुनै एक पदमा मात्र दरखास्त दिन सक्नेछन् ।

१६. यस प्रतिस्पर्धामा सहभागी कर्मचारीले कूल अंकको न्यूनतम ४० प्रतिशत हासिल गर्न नसके आन्तरिक प्रतिस्पर्धा र फाइल बढुवा प्रयोजनका लागि योग्य ठहरिने छैन ।

१७. आवेदन शुल्क संस्थाको वित्तीय व्यवसायको प्रकामा NMC SEWA AAYOG नाममा बचत हि.नं. ०९९५३००००००६३ खातामा जम्मा गर्नु पर्नेछ । साथै डिजिटल प्रणालीबाट समेत दस्तुर बुझाउन सकिनेछ ।

१८. कर्मचारीको सेवाको प्रकृति पूर्व कार्यरत पदको शर्त बमोजिम हुनेछ ।

१९. सेवा आयोग सम्बन्धी आन्तरिक कार्यबिधिको बुँदा नं. १७.९.२ को उपबुँदा १७.९.२.१ र १७.९.२.२ तथा बुँदा १७.९.३ र १७.९.४ मा उल्लिखित व्यवस्था बमोजिम पुरस्कार र सम्मान, गतिबिधिजन्य पुरस्कार र सम्मान, तालिम र अतिरिक्त शैक्षिक योग्यताको प्रमाण कर्मचारीले प्राप्त गरेको भए एचआर सफ्टवेयरमा दरखास्त पेश गर्ने मितिसम्म अनिवार्य तोकिएको फिल्डमा रेकर्ड प्रविष्टि गरी डकुमेन्टसमेत अपलोड गरी एप्रुभ गराउनु पर्नेछ । एचआर सफ्टवेयरमा भएको प्रमाणलाई मात्र गणनाका लागि आधार मानिनेछ ।

२०. सूचना सम्बन्धी थप जानकारी संस्थाको वेबसाइट www.nmc.coop.np तथा एचआर सफ्टवेयरको नोटिसबाट समेत प्राप्त गर्न सकिनेछ ।

**- एनएमसी सेवा आयोग**

NMC COOP